

# बजार अवलोकन ६६

जेठ, २०७१†

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०७१ जेठ महिनामा प्राय बालीहरुको उत्पादन रित्त हुने समय भएको र मनसुनी वर्षायाम सुरु भएको हुनाले नेपालभर १२ बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले बढ्दो प्रवृति देखाए ।***
- ***२०७१ जेठ महिनामा समग्र स्फीतिदर ९.५ प्रतिशत भयो । खाद्य तथा पेय पदार्थको स्फीतिदर १२.२ प्रतिशतमा उच्च रहनुका साथै निम्न खाद्य बस्तुहरुको उच्च स्फीतिदर कायमै रहयो: तरकारी (२७.५ प्रतिशत), मासु र माछा (१६.१ प्रतिशत), फलफुल (१४.० प्रतिशत), र दुध तथा दुधजन्य उत्पादन (११.२ प्रतिशत) ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७१ जेठ महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले बढ्दो प्रवृति (trend) देखाए । मासिक रुपमा मोटा चामल र गहुँको पिठोको खुद्रा मूल्य क्रमश: ४.२ प्रतिशत र ०.७ प्रतिशतका दरले बृद्धि भयो भने मास र मुसुरोको मूल्य क्रमश: २.९ प्रतिशत र ०.५ प्रतिशतका दरले बृद्धि भयो । यसैगरी, रातो आलु र खाने तेलको मूल्य क्रमश: ५.० र १.१ प्रतिशतका दरले बृद्धि भयो । यद्यपि कुखुराको मासुको मूल्य ०.९ प्रतिशतका दरले घट्यो । तीन महिना अगाडीको तुलनामा अपवादस्वरुप गहुँको पिठो बाहेक प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए । गत वर्ष सोही समयको तुलनामा प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए (अपवादस्वरुप मास र तोरीको तेल बाहेक) ।

मोटा चामलको बढ्दो प्रवृतिका साथमा क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत संग मिल्दोजुल्दो प्रवृति देखाए । पहाडी र हिमाली बजारहरु तथा मुख्य उपभोक्ता बजारहरु (काठमाडौं र पोखरा) मा गहुँको पिठोको मूल्य स्थिर रहयो भने तराईका बजारहरुमा यसले बढ्दो प्रवृति देखायो ।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा भटमासको तेल बाहेक अन्य थोक मूल्यहरुले बढ्दो प्रवृति देखाए । कालीमाटी फलफुल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका प्राय तरकारीको मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए: सुकेको प्याज, बन्दा, हरियो केराउ, मूला, र गाँजरको उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि आई मूल्यमा १० प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने तीतेकरेला, परवल, घ्यू सीमी, रामतोरीया, र रायोको सागको मूल्य १३ प्रतिशत भन्दा बढीका दरले घट्यो ।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७१ जेठ महिनामा २०१.६ भयो, जुन मासिक रुपमा ०.६ प्रतिशतले बृद्धि हो । CPI मा वार्षिक स्फीतिदर ९.५ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI २४४.९ मा कायम रहयो, जुन मासिक रुपमा १.३ प्रतिशतले बृद्धि हो तर वार्षिक रुपमा भने १२.२ प्रतिशतले बृद्धि हो; अन्य विभिन्न खाद्य बस्तुहरुको CPI ले वार्षिक रुपमा उच्च बृद्धि देखाए; तरकारी (२७.५ प्रतिशत), मासु र माछा (१६.१ प्रतिशत), फलफुल (१४.० प्रतिशत), र दुध तथा दुधजन्य उत्पादन (११.२ प्रतिशत) । गैह्र खाद्य बस्तुहरु र सेवा सम्बन्धि CPI १७०.२ भयो, जुन मासिक रुपमा ०.१ प्रतिशतले र वार्षिक रुपमा ७.१ प्रतिशतले बृद्धि हो ।

### आपुर्ति

देशभर आपुर्ति अवस्था सामान्य रहेको रिपोर्ट छ । यद्यपि, NeKSAP क्लस्टर र जिल्ला संयोजकहरुका अनुसार मनसुनी वर्षायामका कारण नदीको सतह बढेको र पहिरो गएको हुनाले पहाडी तथा हिमाली क्षेत्र सम्म पुग्ने क्षेत्रीय राजमार्गहरु (महाकाली, कर्णाली, बेनी-जोमसोम, लेगुवा-भोजपुर, जयरामघाट-दिक्तेल) आंशिक रुपमा अवरुद्ध भएको छ जसले गर्दा खाद्य बस्तुहरुको आपुर्ति लागत र समयमा बृद्धि भएको रिपोर्ट छ ।

### पूर्वानुमान

उत्पादन रित्त हुने समय र मनसुनी वर्षायाम भएको हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने वा उच्च रहने अनुमान छ । यसका साथै, हाल मौसम भएका तरकारीहरुको मूल्य घट्ने र बेमौसमी तरकारीहरुको मूल्य बृद्धि हुने अनुमान छ ।

मनसुनी वर्षा ढिलो सुरु भएको र सामान्य भन्दा कम वर्षा भएको हुनाले धान बाली लगाउने कार्यमा ढिलाई भई हाल सम्म आधा क्षेत्रमा मात्र धान बाली लगाइएको रिपोर्ट छ । यसले वर्षे बालीको मध्यमस्तरीय पूर्वानुमानको संकेत गर्दछ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/ केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| सुकेको प्याज, मूला, बन्दा, हरियो केराउ, र गाँजर | विभिन्न | > १० | मौसमी रुपमा उत्पादन रित्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि । |
| तीते करेला, रामतोरीया, परवल, र घ्यू सीमी | विभिन्न | >-१३ | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना
http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७१ जेठ महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-६६

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- जेठ, २०७१

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४५.० | ७.१ | ९.८ | १५.४ | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ४३.० | ०.० | ०.० | ३०.३ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १५०.० | २.० | ३.४ | १२.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३५०.० | ०.० | १४.८ | १६.७ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १६७.० | ०.० | ०.० | -१.८ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | २.६ | ५.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | २.८ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ०.० | ९.४ | २०.७ | ▶ | ▶ | ▲ |
| पोखरा | मोटा चामल | ४८.० | ६.७ | ४.३ | ६.७ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ७.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३५०.० | -१२.५ | -२.८ | २०.७ | ▼ | ▶ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | ७.७ | ७.७ | ९.४ | ▲ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | -४.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४८.० | ३७.१ | ६०.० | ६०.० | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ४०.० | ०.० | ०.० | १७.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४०० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -३.७ | -३.७ | -१७.७ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | २९०.० | -५.२ | -९.४ | -३.३ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | ०.० | -१३.२ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | ०.० | १५.० | ०.० | ▶ | ▲ | ▶ |
| | आलु | ३५.० | ०.० | ३४.६ | ०.० | ▶ | ▲ | ▶ |
| बिरगंज | मोटा चामल | ३८.० | ०.० | ०.० | ८.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ५.३ | २५.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ३.४ | -६.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ०.० | १४.३ | ६.७ | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १७५.० | ०.० | -२.८ | -३.८ | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ०.० | ५.३ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | -१६.७ | १९.० | २५.० | ▼ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | ३६.० | ०.० | ०.० | -२.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ०.० | ५.६ | ८.६ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | ११.१ | ०.० | ▶ | ▲ | ▶ |
| | मास | ११०.० | ०.० | -२.७ | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९५.० | ०.० | -३.१ | -९.५ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ३६.४ | ५०.० | ५०.० | ▲ | ▲ | ▲ |
| धनगढी | मोटा चामल | ४०.२ | ८.६ | ८.६ | ०.५ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.४ | १.१ | -०.६ | ७.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ६.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३०८.० | १०.० | २.७ | २.७ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | ०.० | -१.२ | -५.९ | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ४.८ | ६.६ | -३.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२६.० | ३.३ | ३.३ | १४.५ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ३३.३ | २.६ | ▶ | ▲ | ▶ |

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३०.० | ०.० | -११.८ | -१४.३ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ४२.० | ५.० | ५.० | २०.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ७.१ | १५.४ | ▼ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | ६.३ | १३.३ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | १०.० | १०.० | १०.० | ▲ | ▶ | ▶ |
| | आ | ३५.० | ०.० | ४०.० | ४०.० | ▶ | ▲ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४२.० | ०.० | ५.० | १६.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४७.० | ०.० | २.२ | ३४.३ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १६५.० | ०.० | -५.७ | १०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ०.० | ६.७ | १४.३ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | ०.० | १२.५ | ५०.० | ▶ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | ०.० | -३२.० | ▶ | ▶ | ▼ |
| | गहुँको पिठो | ४०.० | ०.० | -११.१ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | -३.२ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ४.८ | -४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १३०.० | ८.३ | ८.३ | ८.३ | ▲ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| सांफेबगर | मोटा चामल | ५०.० | २५.० | २५.० | ३८.९ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ४२.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३८०.० | ०.० | -५.० | ८.६ | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ४.२ | ४.२ | ४.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १३०.० | ८.३ | ८.३ | ८.३ | ▲ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | -२०.० | ▶ | ▶ | ▼ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १८०.० | १२.५ | १२.५ | १२.५ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | मास | १४०.० | ०.० | -६.७ | ७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १४०.० | -६.७ | -६.७ | ०.० | ▼ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| बाजुरा | मोटा चामल | ४२.० | ५.० | १३.५ | ५.० | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | -४.५ | २.४ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | १६.७ | १६.७ | १६.७ | ▲ | ▲ | ▲ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ०.० | -१२.५ | १६.७ | ▶ | ▼ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | -१०.६ | ०.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | २४०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | -६०.० | ▶ | ▶ | ▼ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | १००.० | -३३.३ | -१६.७ | ६६.७ | ▼ | ▼ | ▲ |
| डोल्पा | मोटा चामल | १२०.० | -१४.३ | - | ०.० | ▼ | - | ▶ |
| | गहुँको पिठो | १२०.० | ०.० | - | ०.० | ▶ | - | ▶ |
| | भटमासको तेल | ११०.० | ०.० | - | -५२.२ | ▶ | - | ▼ |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | २५०.० | ०.० | - | ८.७ | ▶ | - | ▶ |
| | मुसुरो | २५०.० | ०.० | - | ०.० | ▶ | - | ▶ |
| | आलु | ८५.० | - | - | - | - | - | - |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।